मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २०१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन २० गते बुधबार ❑ 5 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## विश्व कीर्तिमानी पर्वतारोही निम्स दाईप्रति पोखरामा श्रद्धाञ्जली

पोखरापत्र संवाददाता
पोखरा, १९ साउन



विश्व कीर्तिमानी नेपाली पर्वतारोही निर्मल पुर्जा 'निम्स दाई' तथा पाकिस्तानको ब्रोड पिक हिमालमा गएको हिमपहिरोमा परी दिवंगत हुनु भएका अन्य नेपाली आरोहीहरूको स्मृतिमा पोखरामा मंगलबार श्रद्धाञ्जली सभा तथा दीप प्रज्वलन गरिएको छ।

पोखरा पर्यटन परिषदकोआयोजनामापोखरा-६, लेकसाइडस्थित बाराहीचोकको चौतारीमा विश्व कीर्तिमानी नेपाली पर्वतारोही निम्स दाई सहितका हिमाल आरोहीको स्मृतिमा उहाँहरुले पुर्‍याएको योगदानको प्रशंसा गर्दै दिप प्रज्वलन गरिएको हो। कार्यक्रममा पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य, पोखरा पर्यटन परिषदका अध्यक्ष तारानाथ आचार्य, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख मणिराज लामिछाने, अग्रज पर्यटन व्यवसायी गणेशबहादुर भट्टराई, पोखरा भ्रमण वर्षका संयोजक गोपीबहादुर भट्टराई, टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्य, रेवान पोखराका अध्यक्ष विश्वराज पौडेल लगायत पर्यटन क्षेत्रका व्यक्तित्व, पर्वतारोहण समुदाय, व्यवसायी तथा सर्वसाधारणले दीप प्रज्वलन गर्दै श्रद्धाञ्जली अर्पण गर्नु भएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले निम्स दाईको निधनले सम्पूर्ण नेपालीलाई स्तब्ध बनाएको बताउँदै उहाँको योगदान इतिहासमा सदैव अमर रहने उल्लेख गर्नुभयो। "हामी बिहान उठ्नेबित्तिकै हिमाल देख्छौं। ती हिमाललाई संसारभर चिनाउने व्यक्तित्वमध्ये निम्स दाई अग्रपंक्तिमा हुनुहुन्थ्यो। विश्वका १४ वटा आठ हजार मिटरभन्दा अग्ला हिमाल केवल ६ महिना ६ दिनमा आरोहण गरेर उहाँले नेपालको गौरव विश्वभर फैलाउनुभयो। उहाँसहित दिवंगत भएका सबै नेपाली आरोहीप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु," उहाँले भन्नुभयो। मेयर आचार्यले बेलायत सरकारले प्रदान गरेको उच्च सम्मानको स्मरण गर्दै ब्रिटिस आर्मीबाट विश्व पर्वतारोहणको शिखरसम्म पुगेका निम्स दाई नेपाली युवाका लागि साहस, अनुशासन र आत्मविश्वासका प्रेरणास्रोत भएको बताउनुभयो। कार्यक्रममा वक्ताहरूले निम्स दाईले व्यक्तिगत कीर्तिमान मात्र नभई नेपालको पर्वतारोहण, हिमाल पर्यटन र नेपाली आरोहीको विश्वव्यापी पहिचानलाई नयाँ उचाइमा पुर्‍याएको उल्लेख गर्दै उहाँको योगदान पुस्तौंपुस्तासम्म स्मरणीय रहने धारणा व्यक्त गर्नु भएको परिषदका महासचिव जीवनराज सापकोटाले बताउनु भयो। २५ जुलाई १९८३ मा म्याग्दीको दाना गाउँमा जन्मिनु भएको निर्मल पुर्जा सानैमा परिवारसँग चितवन बसाइँ सर्नु भएको थियो। भरतपुरस्थित स्मल हेभन विद्यालयमा अध्ययन गरी उहाँ सन् २००३ मा ब्रिटिस गोर्खा सेनामा भर्ती भएर सेवा गर्नुभयो। त्यसपछि बेलायतको अत्यन्त विशिष्ट सैन्य इकाइ स्पेसल बोट सर्भिस (एसबीएस) मा छनोट हुने पहिलो गोर्खा हुनु भयो। सन् २०१२ मा सगरमाथा आधार शिविरको पदयात्राबाट हिमालप्रतिको आकर्षण बढेपछि उहाँले पर्वतारोहण सुरु गर्नुभयो। श्रद्धाञ्जली सभामा विदेशी पर्यटकहरुले समेत निम्स दाईतथादिवंगतसबैआरोहीहरूको सम्झनामा मौनधारण गर्दै दीप प्रज्वलन गर्नु भएको थियो। केही दिनअघि पाकिस्तान पुगेका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## बिक्रेतालाई ग्यास सञ्चित गरेर नराख्न आग्रह

पोखरापत्र संवाददाता
पोखरा, १९ साउन

जिल्ला प्रशासन कार्यालय, कास्कीले बजारमा खाना पकाउने ग्यासको अभाव देखिन थालेपछि ग्यासको आपूर्ति र वितरणलाई सहज बनाउन पहल थालनी गरेको छ।

कृत्रिम अभाव र कालोबजारी रोक्न अनुगमन तीव्र पारिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताउनुभयो। पोखरामा रहेका बिक्रेतालाई ग्यास सञ्चित गरेर नराख्न सचेत गराइएको उहाँको भनाइ छ। पोखरामा ग्यास आपूर्ति गर्ने १९ वटा कम्पनीलाई ग्यास आपूर्ति र बिक्रीवितरणलाई सहज बनाउन आग्रह गरिएको उहाँले बताउनुभयो। "प्रशासनका तर्फबाट समन्वय भइरहेको छ, बजार अनुगमन पनि गरिरहेका छौं, आजभोलिसम्ममा तीनवटा बुलेट पोखरामा भित्रदैछन्", सहायक प्रजिअ बरालले भन्नुभयो, "अहिले देखिएको समस्या विस्तारै सहज हुँदैछ, उपभोक्तालाई पनि आश्वस्त हुन आग्रह छ।" केही दिनअघि जिल्ला प्रशासन कार्यालयको अगुवाइमा बसेको सरोकार भएका पक्षबीचको बैठकले ग्यासको आपूर्ति, बिक्री र अनुगमनलाई प्रभावकारी बनाउने निर्णय गरेको थियो। ग्यास उद्योग तथा बिक्रेतालाई दैनिक रूपमा प्राप्त र वितरण भएको ग्यासको अभिलेख राख्न, उपभोक्ताको नाम, ठेगाना, सम्पर्क नम्बर र बिक्री गरिएको परिमाणको विवरण अद्यावधिक गर्न अनुरोध गरिएको उहाँले बताउनुभयो।

यस्तै ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा भाडामा बस्ने विद्यार्थीलाई प्राथमिकताका आधारमा ग्यास उपलब्ध गराउन आग्रह गरिएको छ। बिक्रेता र उपभोक्तालाई अनावश्यक रुपमा ग्यास सञ्चित नगर्न, कृत्रिम अभाव सिर्जना नगर्न तथा कालोबजारी नगर्न सचेत गराइएको कार्यालयले जनाएको छ।

ग्यास उद्योगलाई पनि बिक्रेतामार्फत सही रुपमा ग्यासको वितरण भए/नभएको नियमित अनुगमन गर्न आग्रह गरिएको सहायक प्रजिअ बरालले बताउनुभयो। बजार अनुगमनमा सहयोग गर्न र कुनै अनियमितता देखिएमा जिल्ला प्रशासन कार्यालय वा जिल्ला प्रहरी कार्यालयमा जानकारी गराउन सम्बद्ध सबै पक्षमा अनुरोध गरिएको छ।

## भूमिहिन र सुकुमवासी समस्या समाधानमा वर्तमान सरकार कटिबद्ध

रासस
काठमाडौं, १९ साउन

प्रतिनिधिसभाको मंगलबारको बैठकमा सत्तापक्षका सांसदले भूमिहिन र सुकुमवासी समस्या समाधानमा वर्तमान सरकार कटिबद्ध रहेको बताउनुभएको छ।

प्रतिपक्षका तर्फबाट प्रस्तुत भएको जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमाथिको छलफलमा उहाँहरुले विगतका सरकारले उक्त समस्यालाई दृढतापूर्वक समाधान गर्न नसकेको आरोप लगाउनुभएको थियो।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का इन्दिरा रानाले स्थानीय तहले भूमिहिन र सुकुमवासीलाई लालपूर्जा दिन ढिलाइ गरेको बताउनुभयो।

सोही पार्टीका सांसद गणेश कार्कीले विगतका सरकारले भूमिहिन र सुकुमवासीको व्यवस्थापनमा आलटाले व्यवहार देखाएको आरोप लगाउनुभयो। सत्ता पक्षकै अर्का सांसद राजीव खत्रीले सुकुमवासीका नाममा हुने राजनीति अन्त्यका लागि सरकार कटिबद्ध रहने बताउनुभयो। सांसद खत्रीले सुकुमवासीलाई डुबान हुने ठाउँमा राखिनु गल्ती भएको धारणा व्यक्त गर्नुभयो।

सांसद समीक्षा बाँस्कोटाले जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव महत्त्वपूर्ण भएको बताउँदै २०८३ जेठ ११ गते मानवअधिकार समितिले प्रधानमन्त्री कार्यालयलाई निर्देशनात्मक सुझाव दिएको, असार २९ गते पुनःनिर्देशन जारी गरेको जानकारी दिनुभयो।

## राष्ट्र बैंकलाई थप सक्रिय र उत्तरदायी बनाउन ऐन संशोधन आवश्यक: अर्थमन्त्री डा वाग्ले

रासस
काठमाडौं, १९ साउन

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले राष्ट्र बैंकलाई थप सक्रिय र उत्तरदायी बनाउन ऐन संशोधन आवश्यक रहेको बताउनुभएको छ।

प्रतिनिधिसभाअन्तर्गत अर्थ समितिको मंगलबारको बैठकमा उहाँले सार्वजनिक संस्थानलाई थप प्रभावकारी र उत्तरदायी बनाउन ऐन संशोधन आवश्यक रहेको बताउनुभएको हो। नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयक माथिको दफावार छलफलमा डा बाग्लेले नेपालजस्तो अर्थतन्त्रमा वित्तीय नीति र मौद्रिक नीति एकअर्काका परिपूरक भएकाले अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकबीच प्रभावकारी समन्वय अपरिहार्य रहेकोमा जोड दिनुभयो। मन्त्री डा वाग्लेले राष्ट्र बैंक सञ्चालक समितिमा कम्तीमा सात सदस्य रहने प्रस्ताव उपयुक्त रहेको उल्लेख गर्दै नेपाल सरकारबाट प्रत्यक्ष निर्देशन दिने व्यवस्था हटाइने भएपछि अर्थसचिवको उपस्थिति अझ महत्त्वपूर्ण हुने धारणा राख्नुभयो।

"नेपालजस्तो देशमा फिस्कल र मोनिटरी नीति एउटै रथका दुई पाङ्ग्राजस्तै हुन्"। उहाँले भन्नुभयो, "अर्थ मन्त्रालयले वित्तीय नीति सञ्चालन गर्छ भने राष्ट्र बैंकले मौद्रिक नीति हेर्छ। त्यसैले दुवै निकायबीच समन्वय अपरिहार्य छ।" अर्थमन्त्री डा वाग्लेले नेपालले भारतीय मुद्रासँग स्थिर विनिमय दर कायम राखेकाले राष्ट्र बैंक पूर्ण रूपमा स्वतन्त्र मौद्रिक नीति सञ्चालन गर्ने अवस्थामा नरहेको उल्लेख गर्नुभयो। नेपालको मुद्रास्फीति ठूलो मात्रामा आयातित हुने भएकाले मौद्रिक नीतिका उपकरण पनि सीमित रहेको उहाँको भनाइ छ।

मन्त्री डा वाग्लेले मौद्रिक अर्थशास्त्रमा प्रचलित 'इम्पोसिबल ट्रिनिटी' को अवधारणा उल्लेख गर्दै स्थिर विनिमय दर, स्वतन्त्र पुँजी प्रवाह र पूर्ण स्वतन्त्र मौद्रिक नीति तीनैवटा एकैपटक सम्भव नहुने बताउनुभयो। नेपालले स्थिर विनिमय दर कायम राख्दै पुँजी प्रवाहलाई निश्चित रूपमा नियमन गरेर मौद्रिक नीतिको सीमित स्वायत्तता अभ्यास गरिरहेको उहाँले स्पष्ट पार्नुभयो।

छलफलका क्रममा अर्थमन्त्री डा वाग्लेले राष्ट्र बैंकमा तीन जना डेपुटी गभर्नर आवश्यक नदेखिएको बताउँदै दुई जना डेपुटी गभर्नर पर्याप्त हुने धारणा व्यक्त गर्नुभयो। उहाँका अनुसार राष्ट्र बैंकमा कार्यकारी निर्देशक (इडी)हरूको छुट्टै संरचना रहेकाले थप डेुटी गभर्नर आवश्यक पर्दैन। सञ्चालक समितिका सदस्यहरूको योग्यतासम्बन्धी व्यवस्थामा पनि उहाँले केही संशोधन आवश्यक रहेको बताउनुभयो। त्यसैगरी अन्तरराष्ट्रिय वित्तीय संस्थामा कार्यकारी तहमा काम गरेका व्यक्तिलाई सञ्चालक समितिमा अवसर दिने व्यवस्था स्पष्ट बनाउनुपर्ने उहाँले सुझाव दिनुभयो। 'कार्यकारी तह' को परिभाषा स्पष्ट नभए व्याख्यामा अन्योल हुन सक्ने भएकाले त्यसलाई स्पष्ट रूपमा परिभाषित गर्न आवश्यक रहेको उहाँले बताउनुभयो।


उहाँले राष्ट्र बैंकजस्तो विशिष्ट संस्थामा सञ्चालक समितिमा आर्थिक, मौद्रिक, बैंकिङ, वित्त, व्यवस्थापन, जनप्रशासन, कानुन, तथ्याङ्क तथा गणितलगायत विविध क्षेत्रका विज्ञहरूको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेमा पनि जोड दिनुभयो।

## लागुऔषध दुर्व्यसन नियन्त्रण गरौं

◆ लागुऔषधबाट हुने स्वास्थ्य, सामाजिक र पारिवारिक असरबारे सचेत बनौं,
◆ युवा तथा बालबालिकालाई सिर्जनात्मक कार्यमा सहभागी गराऔं,
◆ साथीको दबाब वा गलत संगतबाट जोगिन प्रेरित गरौं,
◆ लागुऔषध कारोवार र दुर्व्यसनविरुद्ध सचेतना बढाऔं,
◆ समस्यामा परेकालाई घृणा होइन, सहयोग र पुनर्स्थापनाको अवसर दिऔं,
◆ परिवार, विद्यालय र समुदायबीच सहकार्य बढाऔं,
◆ लागुऔषध प्रयोग नगरौं/नगराऔं।

लागुऔषध मुक्त, सुरक्षित र जिम्मेवार समाज निर्माणमा योगदान गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड



# वालिङले सुरु गऱ्यो 'कृषि एम्बुलेन्स' सेवा

**पोखरापत्र संवाददाता**
पोखरा, १९ साउन

स्याङ्जाको वालिङ नगरपालिकाले 'कृषि एम्बुलेन्स' सेवा सञ्चालनमा ल्याएको छ । एम्बलेन्स सेवा सञ्चालनमा आएसँगै स्थानीय कृषकलाई तरकारी, फलफूल तथा कृषि उपज बोकेर बजार धाउनुपर्ने बाध्यताको अन्त्य हुने भएको छ।

वालिङ नगरपालिका-१ त्रियासीस्थित कृषि उपज बजार व्यवस्थापन सहकारी संस्थालाई कृषि एम्बुलेन्स हस्तान्तरण गरेसँगै कृषकको उत्पादन घर-आँगनबाटै संकलन गरी बजारसम्म पुऱ्याउने व्यवस्था गरिएको छ । वालिङ नगरपालिका, स्थानीय दियालो संस्था तथा वालिङ कृषि विकास परियोजना (हेफर इन्टरनेसनल नेपाल) को साझेदारीमा सेवा सञ्चालनमा ल्याइएको हो ।

कृषि एम्बुलेन्स ३२ लाख ९० हजार रुपैयाँ लागतमा खरिद गरिएको नगरपालिकाले जनाएको छ । नगरपालिकाको १८ लाख ९० हजार र परियोजनाको १४ लाख रुपैयाँ लगानी एम्बलेन्स खरिद गरिएको जानकारी दिदै



नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन ज्ञवालीले सेवा सञ्चालनमा आएपछि कृषिजन्य उत्पादनको संकलन, ढुवानी, भण्डारण र बजारीकरणमा आधुनिक तथा व्यवस्थित बन्ने अपेक्षा गरिएको बताए ।

'कृषि उत्पादनलाई खेतदेखि बजारसम्म जोड्ने एम्बुलेन्स सेवा कृषकमैत्री कार्यक्रम हो ।' अधिकृत ज्ञवालीले भने, 'कृषकले उत्पादन, ढुवानी र बिक्रीका लागि बजारीकरणको चिन्ता गर्नुपर्ने अवस्था रहने छैन ।' हाल सहकारीमार्फत दैनिक करिब ५० क्विन्टल तरकारी संकलन हुँदै आएको छ । कृषि एम्बुलेन्स सञ्चालनमा आएसँगै कृषकको घरबाटै तरकारी उठाइने भएपछि ढुवानी लागत घट्ने, समय बचत हुने र उत्पादित तरकारी ताजा अवस्थामै बजारमा पुऱ्याइने छ ।

कृषि एम्बुलेन्स सेवा सञ्चालनसँगै उत्पादनदेखि बजारसम्मको कृषि आपूर्ति श्रृंखला सुदृढ हुने नगरपालिकाको अपेक्षा रहेको छ । विशेषगरी साना तथा व्यावसायिक कृषकको बजार पहुँच विस्तार गर्दै आम्दानी वृद्धि गर्न महत्वपूर्ण योगदान पुग्नेमा नगरपालिकाले विश्वास जनाएको छ । सहकारीका अध्यक्ष अर्जुन प्रकाश अर्यालले ढुवानी अभावका कारण कृषकले वर्षौंदेखि भोग्दै आएको समस्या समाधान हुने जिकिर गरे । 'पहिले ढुवानी अभावमा खेतबारीमै धेरै तरकारी कुहिन्थ्यो ।' उनले भने, 'बजारसम्म पुऱ्याउन कठिन थियो । तर अब कृषि एम्बुलेन्समार्फत पोखरा र बुटवलसम्म नियमित रूपमा तरकारी पठाउन सक्ने अवस्था बनेको छ ।'

गएको वर्ष सहकारीले नगर क्षेत्रबाट करिब एक लाख ५८ हजार २६८ किलोग्राम तरकारी संकलन गरेको सहकारीका प्रवन्धक युवराज रेग्मीले बताए । कृषि एम्बुलेन्सले एकै पटक झण्डै १३० क्यारेट तरकारी ढुवानी गर्न सक्ने उनले जानकारी दिए । कृषकलाई ढुवानी लागत घटाउने मात्र होइन, बचत भएको समयले व्यावसायिक खेतीतर्फ थप आकर्षित गर्ने प्रबन्धक रेग्मीले जनाए ।

वालिङ नगरपालिकाले उत्पादित तरकारी तथा फलफूलको न्यूनतम समर्थन मूल्य निर्धारण गर्दै उत्पादनका आधारमा प्रतिकिलो ५ रुपैयाँ अनुदान उपलब्ध गराउँदै आएको जनाएको छ । गएको आर्थिक वर्ष २०८२/८३ मा नगरपालिकाले ७ लाख ९१ हजार ३४२ रुपैयाँ तरकारी अनुदानमा कृषकलाई नगद वितरण गरेको थियो ।

# संघीयता बारेमा जनप्रियका विद्यार्थीलाई अभिमुखीकरण

**पोखरापत्र संवाददाता**
पोखरा, १९ साउन

संसदीय पत्रकार मञ्च गण्डकीले पोखराको जनप्रिय बहुमुखी क्याम्पसका विद्यार्थीलाई संघीयता र प्रदेशसभाको अभ्यासका बारेमा जानकारी दिएको छ । युवा लक्षित संसदीय पहुँच कार्यक्रम अन्तर्गत मंगलबार आयोजित अभिमुखीकरणमा क्याम्पसका विभिन्न तहमा अध्ययनरत १ सय ८ विद्यार्थी सहभागी भए ।

कार्यक्रममा गण्डकी प्रदेशसभा सचिवालयका कानुन तर्फका उपसचिव आमोद दाहालले नेपालको शासन व्यवस्था र प्रदेशको क्षेत्राधिकारबारे सहजीकरण गरे । उनले नेपाल होल्डिङ टुगेदर संघीयताको ढाँचामा रहेको र यहाँ ३ तहको संघीय शासन प्रणाली अभ्यासमा रहेको बताए । नेपालको वर्तमान संविधानले ३१ वटा मौलिक हकको व्यवस्था गरेको जानकारी उनले विद्यार्थीलाई दिए । संघीयतामा शक्ति विकेन्द्रीकरण हुने भएकाले विविधतालाई सम्बोधन गर्न सहज हुने उनको भनाइ थियो ।

दाहालले गण्डकी प्रदेशसभाको संरचना र त्यसले गर्दै आएका कामकारबाहीबारे कार्यपत्र प्रस्तुत गरे । गण्डकी प्रदेशमा ११ जिल्ला र ३६ निर्वाचन क्षेत्र रहेको जानकारी दिँदै उनले प्रदेशसभामा ६० जना सदस्य रहने व्यवस्था बताए । यसमध्ये ३६ जना पहिलो हुने निर्वाचित हुने प्रणाली र २४ जना समानुपातिक प्रणालीबाट आउने उनले उल्लेख गरे । समावेशी प्रतिनिधित्वका आधारमा हाल सभामा २३ जना आदिवासी जनजाति,



३१ जना खस आर्य र ६ जना दलित समुदायको प्रतिनिधित्व रहेको तथ्यांक उनले प्रस्तुत गरे । 'कक्षा १२ को सामाजिक अध्ययन विषयमा संघीयता र नेपालको शासन व्यवस्थाबारे पढ्नुपर्ने हुन्छ, यो अभिमुखीकरणले विद्यार्थीलाई व्यावहारिक ज्ञान प्राप्त गर्न ठूलो सहयोग पुग्नेछ,' जनप्रिय क्याम्पसका प्लस टु को-अर्डिनेटर मदनकुमार जैसीले भने । संसदीय पत्रकार मञ्चले क्याम्पसलाई रोजेर यस्तो महत्वपूर्ण कार्यक्रम गरेकोमा उनले खुसी व्यक्त गरे । विद्यार्थीले सैद्धान्तिक ज्ञानसँगै शासन प्रणालीका प्राविधिक विषय बुझ्न पाउनु सकारात्मक भएको उनको तर्क थियो । उपप्राध्यापक वेदहरि तिमल्सिनाले पत्रकारले समाचार संकलन बाहेक विद्यालय र क्याम्पसमा पुगेर जनचेतना जगाउने कार्य गर्नु उदाहरणीय भएको बताए । 'नेपालको राजनीतिक र प्रादेशिक संरचनाका बारेमा विद्यार्थीलाई जानकारी हुन जरुरी छ,' उनले भने । विद्यार्थीहरूमा राजनीतिक जागरूकता हुनुपर्ने र उनीहरूले राज्यको नीति निर्माण प्रक्रियामा चासो राख्नुपर्नेमा उनले जोड दिए । उनले यस्ता कार्यक्रमले विद्यार्थीको नेतृत्व विकासमा समेत टेवा पुग्ने विश्वास व्यक्त गरे । मञ्चका पूर्व अध्यक्ष एवं कार्यक्रम संयोजक भरत कोइरालाले विद्यार्थीलाई संघीयता र प्रदेशको संरचना बुझाउन कार्यक्रम प्रभावकारी भएको बताए । उनले यस्ता खालका संसदीय पहुँच कार्यक्रमहरू आगामी दिनमा अन्य क्याम्पसहरूमा समेत सञ्चालन गरिने जानकारी दिए । कार्यक्रममा गण्डकी प्रदेशसभाले निर्माण गरेका विभिन्न कानुन, आर्थिक कार्यविधि र प्रदेशका अधिकार सूचीका बारेमा समेत विद्यार्थीलाई जानकारी गराइएको थियो । उक्त अवसरमा विद्यार्थीहरु विनीता क्षेत्री र मन्दिप पोखरेलले संवैधानिक व्यवस्था र मौलिक हकका बारेमा जिज्ञाशा राखेका थिए । कार्यक्रममा संसदीय पत्रकार मञ्चका संस्थापक अध्यक्ष लालप्रसाद शर्मा, सल्लाहकार केशवशरण लामिछाने र सहसचिव उमा आले मगर, कोषाध्यक्ष ऋषिराम बराल लगायत पदाधिकारी, शिक्षक र विद्यार्थीको समेत सहभागिता थियो । मञ्चले संसदीय पत्रकारिताको माध्यमबाट प्रदेशसभा र जनताका बीचमा पुलको काम गर्दै आएको र यस्ता कार्यक्रमले नागरिकलाई संसदीय प्रक्रियासँग जोड्न मद्दत पुग्ने सहभागीले बताए ।

# पर्यटन क्षेत्रको विकास गर्न विधेयक संशोधन गर्नुपर्छः पर्यटनमन्त्री पौडेल

**रासस**
काठमाडौं, १९ साउन

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडक राज पौडेलले पर्यटन क्षेत्रको विकासलाई व्यवस्थित गर्न पर्यटन विधेयकलाई समयानुकूल संशोधन गर्नुपर्ने बताउनुभएको छ।

प्रतिनिधिसभा, अन्तरराष्ट्रिय सम्बन्ध र पर्यटन समितिको मंगलबारको बैठकमा उहाँले विधेयकमा आधुनिक पदमार्ग, आरोग्य पर्यटन, सांस्कृतिक र सहासिक पर्यटकलगायतका बहुआयामिक विषयबस्तुलाई समेटिनुपर्ने आवश्यकता औल्याउनुभयो । मन्त्री पौडेलले तीन वर्षअघि ड्राफ्ट भएको पर्यटन विधेयक राष्ट्रियसभामा पेस भई प्रतिनिधिसभामा आएको भए त्यसमा विस्तृत संशोधन जरुरी रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "पर्यटनको प्रशस्त सम्भावना बोकेको देशलाई व्यवस्थित बनाउने बलियो कानुन आवश्यक छ, विधेयकमाथि सरोकारवालबीच छलफल र सांसदबाट आवश्यक सुझाव चाहिन्छ ।" समितिमा उक्त विधेयकमाथि भएको सैद्धान्तिक छलफलमा भाग लिदै सांसदले सरोकारवाला, पर्यटन क्षेत्रका जानकार, व्यवसायी र सम्बन्धित सङ्घसंस्थासँग छलफल गरी विधेयकलाई गुणस्तरीय तुल्याउन सुझाव दिनुभयो । त्यसअवसरमा समिति सभापति सुम्नीमा उदासले तीन तहको सरकारको साझा अधिकारसँग जोडिएको पर्यटक विधेयक निर्माणदेखि कार्यान्वयनसम्मको अवस्थालाई मध्यनजर गरी संशोधन गर्नुपर्ने बताउनुभयो। सांसद जगदीश खरेलले उक्त विधेयक देशको विकास र समृद्धिसँग जोडिएकाले यसलाई जति सक्दो छिटो कानुनी रुप दिनुपर्ने बताउनुभयो । सांसद गणेशबहादुर विश्वकर्माले पर्यटन क्षेत्रको आर्थिक, सामाजिक र सांस्कृतिक पक्ष समेत समेट्ने गरी विधेयक ल्याइनुपर्ने धारणा राख्नुभयो ।

सांसद भूमिका लिम्बू सुब्बाले विधेयकमा बहुसांस्कृतिक संग्रालयको अवधारणा समेट्न सुझाव दिनुभयो । सांसद अनुश्का श्रेष्ठले विधेयकको सैद्धान्तिक छलफलकै चरणमै सरोकारवालाबीच पर्याप्त छलफल चलाएर सुझाव लिन सल्लाह दिनुभयो । प्रतिनिधिसभा सदस्य वीना गुरुङ, डा अर्जुनकुमार कार्की, श्रीधर पोखरेललगायतले युग सुहाउँदो पर्यटन क्षेत्रको विकास र विस्तारका लागि विधेयकलाई प्रभावकारी र गुणस्तरीय तुल्याउन आवश्यक रहेको धारणा राख्नुभयो ।

# पोखरा रंगशालाको वृक्षारोपण अभियानलाई सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १९ साउन

पोखरा रङ्गशालामा जारी हरियाली तथा वृक्षारोपण अभियानलाई थप व्यवस्थित र प्रभावकारी बनाउन हाम्रो इको नेक्स्ट टेक्नोलोजी प्रा.लि.ले चार सय किलोग्राम इको अर्गानिक (प्राङ्गारिक) मल सौजन्य स्वरूप प्रदान गरेको छ।

जिल्ला खेलकुद विकास समिति, कास्कीको आयोजनामा रङ्गशाला परिसरमा सञ्चालित वृक्षारोपण कार्यक्रमअन्तर्गत उक्त मल हस्तान्तरण गरिएको हो । रङ्गशालालाई हरियाली र वातावरणमैत्री बनाउने उद्देश्यले पूर्व राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरू, खेल सम्बद्ध संघ-संस्थाका प्रतिनिधि, स्थानीय तहका प्रमुख, प्रदेश सभासद् तथा खेलप्रेमी समाजसेवीहरूको सहभागितामा वृक्षारोपण अभियान निरन्तर चलिरहेको छ।

कार्यक्रममा बोल्दै जिल्ला खेलकुद विकास समिति कास्कीका कार्यालय प्रमुख डिबी नेपालीले वृक्षारोपण गरिएका बिरुवाहरूलाई व्यवस्थित रूपमा हुर्काउन र मलजल गर्न समाजसेवी गोपाल गुरुङ र



खेलप्रेमी समाजसेवी राजेन्द्र बहादुर थापाको समन्वयकारी भूमिकाको प्रशंसा गरे । सोही समन्वयका आधारमा हाम्रो इको नेक्स्ट टेक्नोलोजीका सञ्चालक राजेश गौतम (राजु)ले समिति परिसरमै पुगी जिल्ला खेलकुद बिकास समिति कास्कीको अध्यक्ष मिलन गुरुङ सहितका पदाधिकारीहरुलाई मल हस्तान्तरण गरेका थिए ।

मल हस्तान्तरण कार्यक्रममा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष मिलन गुरुङले व्यवसायी राजेश गौतमले हरियाली वृक्षारोपण अभियानमा प्राङ्गारिक मल प्रदान गरी सहयोग गरेकोमा धन्यवाद ब्यक्त गरे । आगामी दिनमा पनि सहकार्यलाई निरन्तरता दिने उनको भनाइ रहेको थियो ।

मल हस्तान्तरणपछि बोल्दै हाम्रो इको अर्गानिक मलका उत्पादक राजेश गौतम (राजु)ले पोखराको एकमात्र अन्तर्राष्ट्रियस्तरको रङ्गशालालाई हरियाली बनाउने पवित्र उद्देश्यमा सहयोग गर्न पाउँदा खुसी व्यक्त गरे। "हामीले रोपेका बिरुवाहरूलाई मानिसलाई जस्तै उचित पोषण र हेरचाहको आवश्यकता पर्छ । रासायनिक मलको बढ्दो प्रयोगले माटो मरुभूमीकरण भइरहेको र मानव स्वास्थ्यमा पनि असर परिरहेको अवस्थामा माटोलाई बचाउनु हाम्रो दायित्व हो," गौतमले भने । गौतमले यो मल गाईको मल, हड्डीको धुलो, पिना तथा निम, बकाइनो, पातीजस्ता जडीबुटीहरू मिसाएर तयार पारिएको र यसमा नाइट्रोजन, फस्फोरस लगायत बिरुवालाई चाहिने सम्पूर्ण आवश्यक तत्वहरू विद्यमान रहेको जानकारी दिए । विगत १० वर्षदेखि यो क्षेत्रमा क्रियाशील गौतमले 'गण्डकी प्रदेशको शान, इको मलको वरदान - इको अर्गानिक मल प्रयोग गरौं, माटोलाई मरुभूमीकरण हुनबाट बचाऔं' भन्ने नाराका साथ व्यवसाय सञ्चालन गर्दै आएको र आगामी ५ वर्षभित्र सम्पूर्ण गण्डकी प्रदेशलाई नै प्राङ्गारिक (अर्गानिक) बनाउने अभियानमा अगाडि बढेको बताए । यसैविच रङ्गशालामा जारी हरियाली तथा वृक्षारोपण अभियानमा ब्रिटिश क्याम्प काठमाण्डौमा कार्यरत मेजर सूर्य गुरुङको परिवारले समेत सहभागीता जनाएका छन । गुरुङको परिवारले वृक्षारोपण अभियानमा जापानिज कटुस, एभोकाडो, जामुन प्रजातिका विरुवाहरु रोपेका थिए । गुरुङले प्राकृतिक विपत्तिको वेलामा समेत सहयोग गर्दै आइरहेको जिल्ला खेलकुद बिकास समितिका कार्यालय प्रमुख डिबि नेपालीले जानकारी दिए ।

# विभिन्न २१ मुलुक र मिसनमा राजदूत नियुक्त गरिँदै

**रासस**
काठमाडौ, १९ साउन

नेपाल सरकारले विभिन्न २१ मुलुक र नियोगमा रिक्त रहेका राजदूत नियुक्त गर्ने तयारी थालेको छ।

राजदूत रिक्त रहेका १६ दूतावाससहित चार वर्षे कार्यकाल सकेर केही समयका लागि म्याद थपेर काम गरिरहेका इजिप्ट, बहराइन, बङ्गलादेश, म्यानमार र राष्ट्र सङ्घीय नियोग भियनासमेत २१ नियोगमा दुई हप्ताभित्र राजदूत नियुक्त प्रक्रिया अघि बढाएको परराष्ट्र मन्त्रालयले जनाएको छ। हाल १५ मुलुक र नियोगमा मात्र राजदूत छन् भने १६ मुलुक र नियोगमा राजदूत रिक्त छन् । हाल विभिन्न मुलुकमा नेपाली राजदूतावास रहेको सङ्ख्या २८ छ । त्यसबाहेक संयुक्त राष्ट्र सङ्घको लागि स्थायी मिसन न्यूयोर्क, जेनेभा र भियना तथा आठ महावाणिज्य दूतावास आठ गरी ३९ मिसन रहेको मन्त्रालयको तथ्याङ्क छ। हाल न्यूयोर्क, जेनेभा, भियना, बहराइन, बङ्गलादेश, बेल्जियम, क्यानडा, इजिप्ट, फ्रान्स, कुबेत, म्यानमार, पाकिस्तान, पोर्चुगल, थाइल्यान्ड र यूएईमा राजदूत रहेका छन् । त्यस्तै अस्ट्रेलिया, चीन, जर्मनी, भारत, इजराइल, जापान, दक्षिण कोरिया, मलेसिया, ओमान, कतार, रुस, साउदी अरब, श्रीलङ्का, बेलायत, अमेरिका, स्पेनमा राजदूत रिक्त रहेको मन्त्रालयले जनाएको छ । सरकारले यस आर्थिक वर्षदेखि दक्षिण अफ्रिका, ब्राजिल र डेनमार्कका तीन राजदूतावास भने बन्द गर्ने निर्णय गरेको छ ।

# एक-अर्काको ...

निम्स दाई ८ हजार ४७ मिटर अग्लो ब्रोड पिक हिमाल आरोहणका क्रममा बिहीबार आएको हिमपहिरोमा परेर बेपत्ता भएका हुनु भएको थियो । पछि उहाँको निधन भएको पुष्टि भयो। उक्त अभियानमा ६ जना नेपालीसहित १० जना आरोही सहभागी हुनु भएको थियो ।

पर्वतारोहणसँगै निम्स दाईले निम्सदाइ फाउन्डेसन मार्फत हिमाली समुदायमा शिक्षा, आपत्कालीन राहत तथा वातावरण संरक्षणका कार्यक्रम सञ्चालन गर्नु भएको थियो । "बिग माउन्टेन क्लिनअप" अभियान मार्फत अग्ला हिमालमा थुप्रिएको फोहोर व्यवस्थापन अभियानसमेत सञ्चालन गर्नु भएको थियो ।

बेलायती महारानी एलिजाबेथ द्वितीयबाट एमबीई सम्मान प्राप्त गर्नु भएको निम्स दाईले पियोले डी'ओर एसिया सम्मान तथा विभिन्न अन्तर र्राष्ट्रिय सम्मानसमेत प्राप्त गर्नु भएको थियो ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# कोदो खेतीमा पनि अनुदान देऊ

गरिबको खाना झुपडीसंगै अहिले तारे होटेलमा 'सुपर फुड' रुपमा पाक्न थालेको छाहिमाली र उच्च पहाडी र पहाडी क्षेत्रका गरिबको भान्सामा पाक्ने कोदाको ढिंडो र रोटी अहिले विभिन्न नाममा शहरका स्तरीय होटल र सम्पन्नका भान्सामा पाक्ने गरेको छ । पहाडी , उच्च पहाडी क्षेत्रका गरिब परिवारको भान्सामा पाक्ने कोदोको महत्त्व बढ्दैछ । कोदोको रक्सी र जाँडलाई बैधानिक बनाउन थालिएको छ । कोदोको रक्सी व्यावसायिक रुपमा बिक्री हुन थालेको छ। गण्डकी प्रदेश सरकारले घरेलु मदिरा उत्पादन र बिक्रीवितरणलाई व्यवस्थित बनाउन कानुन बनाएको छ । कोदोको रक्सी सुपरमार्केट र डिपार्टमेन्टमा बिक्री हुने गरेको छाअहिले कोदोका विभिन्न परिकार बनाएर पस्किन थालिएको छ। जैविक विविधताका लागि स्थानीय पहल लि- वर्डले दुई दशक देखि कोदोको महत्व कृषकलाई बुझाउँदै आएको थियो ।

गरिबको अडिलो खाना कोदोको प्रबर्द्धनका कार्यक्रम गरेपछि सरकारले नै कोदो खेतीलाई महत्त्व दिन थालेको छ । हिमाल, पहाड र तराई सर्वत्र फलाउन सकिने कोदो नेपालको पुरानो खेती हो । नेपाली ग्रामीण अर्थतन्त्र र खाद्य संस्कृतिको भरपर्दो आधार भएर पनि कोदो खेती लामो समयसम्म राज्यको प्राथमिकतामा पर्न सकेन । 'कमसल खाद्यान्न' भनेर उपेक्षा गरिएको कोदोलाई रक्शी पार्ने जाँड बनाउन प्रयोग गरियो।रक्शी अबैध मदिरा भएको हुँदा प्रहरीले फाल्ने डरले उत्पादन गर्न भन्दा जमिन बाँझो राख्न थालियो । पछिल्लो समय आफ्नो पौष्टिक महत्वका कारण र विभिन्न रोगका बिरामीले प्रयोग गर्न थाले।बहु प्रयोगका कारण सहरी उपभोक्तामाझ 'सुपर फुड' को पहिचान बनाएको छ । कोदो खेतीको व्यावसायिक प्रवर्धन र विविधीकरण अहिलेको मुख्य आवश्यकता बनेको छ । नेपाल पनि जलवायु परिवर्तनको बढ्दो जोखिममा छ । खाद्यान्न आयातमाथि परनिर्भरता चुलिँदै गएको छ ।

यस्तो अवस्थामा रैथाने बाली कोदोको व्यावसायिक खेती गर्न सके कोदोमा आत्मनिर्भर हुने र निर्यात गर्न सकिन्छ । नेपालका पहाडी र हिमाली क्षेत्रको भूगोल कोदो खेतीका लागि प्राकृतिक रूपमै उपयुक्त छ। सिँचाइ सुविधा नभएका खोरिया, भिरालो र कम उर्वर माटोमा पनि सजिलै कोदो उत्पादन गर्न सकिन्छ। अरु खेती गर्न नसके कोदो रोपेर छोडौंला भन्ने भन्ने गरिन्छ। यो बालीले कठोर जलवायु र खडेरी सहन सक्ने विशेष क्षमता राख्छ। रासायनिक मल र विषादीबिना नै प्राङ्गारिक रूपमा उत्पादन गर्न सकिने भएकाले यसको उत्पादन लागत अन्य बालीको तुलनामा कम छ। नेपालमा धान, मकै र गहुँपछि कोदो चौथो मुख्य खाद्यबाली हो । हाल नेपालमा वार्षिक रूपमा करिब तीन लाख २० हजारदेखि तीन लाख ४० हजार मेट्रिक टनसम्म कोदो उत्पादन हुने गरेको छ। नेपालको कुल कोदो उत्पादनको सबैभन्दा ठुलो हिस्सा (करिब ७७ प्रतिशत) मध्यपहाडी क्षेत्रले ओगटेको छ। उच्चपहाडी र हिमाली क्षेत्रमा करिब २० प्रतिशत कोदो उत्पादन हुन्छ। नेपालका ७७ वटै जिल्लामा कोदो खेती हुने भए पनि मुख्य गरी खोटाङ, सिन्धुपाल्चोक, बागलुङ, स्याङ्जा, कास्की, ओखलढुङ्गा, गोरखा र सिन्धुली कोदो उत्पादनका प्रमुख जिल्ला हुन् । अहिले कोदोको स्वदेशी उत्पादनले माग नधान्दा नेपालमा वार्षिक ७५ करोड रुपियाँभन्दा बढीको कोदो बाहिरबाट आयात गरिन्छ।

कोदोलाई केवल ढिँडो, रोटी र रक्शीमा मात्र सीमित नराखी यसबाट बिस्कुट, केक, पाउरोटी, मम, चाउचाउ जस्ता विविध खाद्य परिकार बनाएर बजारीकरण गर्न सकिन्छ। यसो गर्न सके यसले किसानको आम्दानीमा ठुलो टेवा पुऱ्याउने निश्चित छ। कोदोको व्यावसायिक खेतीतर्फ राज्यको नीतिगत स्पष्टता र ठोस लगानी आवश्यक छ। पोखरा महानगरपालिका वडा नं २२ ले कोदीमा कोदो रोपाइँ गरेर शहरउन्मुख किसान र युवालाई कोदो खेतीप्रति आकर्षित गर्ने प्रयास गरेको छायो अभियानको रुपमा संचालन गर्नुपर्छ। स्थानीय, प्रदेश र सङ्घीय सरकारले समन्वय गरी कोदो उत्पादक किसानलाई उन्नत बिउ, आधुनिक कृषि औजार र उत्पादन प्रविधिमा अनुदान उपलब्ध गराउनु पर्छ । कोदो रोप्ने, गोड्ने र चुट्ने काममा आधुनिक औजार र प्रविधिको प्रयोग बढाएर श्रम र समयको बचत गर्न सकिन्छ। किसानलाई उत्पादनको उचित मूल्य सुनिश्चित गर्न 'न्यूनतम समर्थन मूल्य' तोक्ने र उत्पादित कोदोको सरकारी तवरबाटै खरिद गर्ने व्यवस्था मिलाउनु पर्छ। विद्यालय तथा अस्पतालका क्यान्टिन र सरकारी भान्सामा साताको कम्तीमा दुई पटक कोदोका परिकार अनिवार्य गर्ने नीति ल्याउन सक्ने हो भने यसको बजार स्थायी बन्ने छ। होमस्टे र ग्रामीण पर्यटनसँग कोदोका रैथाने परिकारलाई जोडेर विदेशी पर्यटकमाझ समेत यसको प्रवर्धन गर्न सकिने सम्भावना उत्तिकै छ। आत्मनिर्भर अर्थतन्त्रको जग बसाल्न र खाद्य सुरक्षाको ग्यारेन्टी गर्न कोदो जस्ता रैथाने बालीको संरक्षण र संवर्धन गर्न जरुरी छ। सरकार, निजीक्षेत्र र कृषकको त्रिपक्षीय साझेदारीले कोदो खेतीबाट मनग्गे लाभ लिन सकिने सम्भावना छ । सरकारले अनुदान दिएर कोदो खेतीप्रति आकर्षित गर्ने नीति लिएमा अन्य खेती, तरकारी, फलफूल खेतीमा जस्तै आकर्षण बढ्नेछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : मानसिक तनाब |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# ग्यासको अभाव छैन : निगम

**रासस**
काठमाडौं, १९ साउन

नेपाल आयल निगमले बजारमा एलपी ग्यासको अभाव नरहेको स्पष्ट गर्दै उपभोक्तालाई आवश्यकताअनुसार मात्र ग्यास खरिद गर्न तर अनावश्यक भण्डारण नगर्न आग्रह गरेको छ।

निगमका प्रवक्ताद्वारा आज जारी प्रेस विज्ञप्तिमा असार ३१ गतेको सञ्चालक समितिको निर्णयअनुसार १४.२ केजी क्षमताका एलपी ग्यास सिलिन्डरको बिक्री वितरणको व्यवस्था मिलाइएको जनाएको छ । हाल दैनिक मागअनुसार ग्यासको आपूर्ति भइरहेको भए पनि बजारमा ग्यास अभाव भएको भन्ने समाचार तथा जनगुनासोप्रति निगमको ध्यानाकर्षण भएको उल्लेख गरेको छ। निगमका अनुसार १४.२ केजीका सिलिन्डरको बिक्री सुरु भएपछि बजारमा ग्यास अभाव भएको भन्दै उपभोक्ताबाट गुनासो आउन थालेकाले सम्पूर्ण ग्यास उद्योगलाई बजारमा सहज आपूर्तिको व्यवस्था मिलाउन निर्देशन दिइएको सूचनामा जनाइको छ। घरायसी प्रयोजनका उपभोक्तालाई प्राथमिकतामा राखी खरिदकर्ताको नाम, ठेगाना र सम्पर्क नम्बर अभिलेख राखेर व्यवस्थित रूपमा बिक्री वितरण गर्न तथा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र दीर्घरोगीलाई प्राथमिकता दिन पनि बिक्रेतालाई आग्रह गरिएको छ । काठमाडौँ उपत्यकामा उच्च मागलाई मध्यनजर गर्दै निगमले शनिबारदेखि टेकुस्थित कार्यालयबाट नेपाल ग्यास, एलपी ग्यास, एसएच ग्यास, सुगम ग्यास तथा श्रीराम ग्यासका १४.२ केजीका सिलिन्डर बिहान ११ बजेदेखि बेलुका ५ बजेसम्म सम्बन्धित उद्योगमार्फत बिक्री वितरण गर्ने व्यवस्था मिलाएको जनाएको छ । ग्यास प्राप्त गर्न समस्या भए निगमको हटलाइन नम्बर ०१-५९७१९०२ (कार्यालय समयभित्र) मा सम्पर्क गर्न पनि उपभोक्तासँग अनुरोध गरिएको छ । निगमले एलपी ग्यासको आयात र बिक्री वितरण नियमित रहेको तथा आगामी दिनमा पनि निरन्तर रहने जनाएको छ। हाल मासिक औसत करिब ४७ हजार मेट्रिक टन ग्यास खपत हुने र मागअनुसार आपूर्ति भइरहेको उल्लेख गर्दै आकस्मिक माग वृद्धि हुन सक्ने सम्भावनालाई ध्यानमा राखी यस महिनाको आयात परिमाणसमेत बढाइएको जनाएको छ। निगमका अनुसार यही साउन १ देखि १८ गतेसम्म जम्मा ३१ हजार ८६१ मेट्रिक टन एलपी ग्यास आयात भइसकेको छ । यस अवधिको आयातले आपूर्तिमा कुनै समस्या नरहेको देखिएकाले उपभोक्तालाई आवश्यकताभन्दा बढी ग्यास खरिद गरी भण्डारण नगर्न आग्रह गरिएको छ। निगमले काठमाडौँ उपत्यका बाहिर एलपी ग्याससम्बन्धी गुनासो वा जानकारीका लागि सम्बन्धित प्रादेशिक कार्यालय, शाखा कार्यालय तथा डिपोका सम्पर्क अधिकारीमार्फत सम्पर्क गर्न पनि उपभोक्तालाई अनुरोध गरेको छ।

# पछिल्लो २४ घण्टामा जाजरकोटमा सबैभन्दा बढी वर्षा मापन

**रासस**
काठमाडौं, १९ साउन

जल तथा मौसम विज्ञान विभागले पछिल्लो २४ घण्टामा जाजरकोटमा सबैभन्दा बढी वर्षा मापन भएको जनाएको छ।

विभागले मंगलबार र बुधबार रातिको समयमा वर्षाको गतिविधि बढ्ने तथा बिहीबारदेखि वर्षा क्रमशः कम हुने जनाएको छ।

विभागका मौसमविद् रोजन लामिछानेले पछिल्लो २४ घण्टामा सबैभन्दा बढी वर्षा कर्णाली प्रदेशको जाजरकोट आसपासमा १३८ मिलिमिटर वर्षा मापन भएको बताउनुभयो। "पछिल्लो २४ घण्टामा कोशी प्रदेशका झापा, इलाम र सुनसरीमा भारीदेखि धेरै भारी वर्षा भएको छ", उहाँले भन्नुभयो, "इलाम-झापा आसपासको क्षेत्रमा करिब १३० मिलिमिटर तथा विराटनगर आसपास १२५ मिलिमिटर वर्षा मापन भएको छ। पछिल्लो छ घण्टामा कोशी प्रदेशको इलाम-झापा क्षेत्रमा मध्यमदेखि केही स्थानमा भारी वर्षा भएको छ।"कर्णाली, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका केही क्षेत्रमा पनि वर्षा भएको छ भने मधेश प्रदेशको पश्चिमी क्षेत्रमा भने वर्षा नभएको र देशका अधिकांश स्थानमा हल्का वर्षा भएको मौसमविद् लामिछानेले जानकारी दिनुभयो। विभागले हाल देशभर सामान्यदेखि पूर्ण बदली रही कोशी र कर्णाली प्रदेशका केही स्थान तथा बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका थोरै स्थान र मधेस प्रदेशका एक-दुई स्थानमा मेघगर्जन तथा चट्याङसहित हल्कादेखि मध्यम वर्षा भइरहेको जानकारी दिएको छ । विभागका अनुसार आज दिउँसो कोशी प्रदेशको तराईका केही स्थान तथा मधेस, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका थोरै स्थानमा मेघगर्जन तथा चट्याङसहित मध्यम वर्षाको सम्भावना छ।

साथै कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली तथा पहाडी भू-भाग र लुम्बिनी प्रदेशको पहाडी भू-भागका एक-दुई स्थानमा भारी वर्षा हुन सक्ने जनाएको छ। आज राति कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली भू-भागका केही स्थान तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली भू-भागका थोरै स्थानमा मध्यम वर्षा तथा हिमपातको सम्भावना छ । कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका पहाडी तथा तराईका धेरै स्थान, कर्णाली प्रदेशका पहाडी भू-भाग, सुदूरपश्चिम प्रदेशका पहाडी तथा तराईका केही स्थान तथा मधेस प्रदेशका केही स्थानमा मेघगर्जन तथा चट्याङसहित मध्यम वर्षाको सम्भावना छ।

बसधारी राति कोशी प्रदेशको पहाडी तथा तराई भूभाग, बागमती र गण्डकी प्रदेशका हिमाली तथा पहाडी भूभाग तथा मधेस प्रदेशका एक-दुई स्थानमा भारी वर्षा हुन सक्ने भएकाले नदी तटीय क्षेत्र, पहिरोको जोखिम भएका स्थान र सहरी डुबान हुने क्षेत्रमा आवश्यक सतर्कता अपनाउन आग्रह गरिएको छ।

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १३ निवासी भारतीय भु.पु.सै.नं. ५३४४६२७N HAV यो प्रसाद गुरुङको श्रीमती सरस्वती गुरुङको नेपाली नागरिकता प्रमाण पत्रमा जन्म मिति वि.सं. २०२४।०६।३० तदानुसार ई.सं. १९६७-१०-१६ भएको र पेन्सन अभिलेखमाजन्ममितिई.सं.१९६७-०३-१० उल्लेख भई फरक परेतापनि उल्लेखित फरक जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १३ नं. वडा कार्यालयको च.नं. २३५ मिति २०८३।०४।१९ को सिफारिस पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय कास्की**

## सार्वजनिक सूचना

बागलुङ जिल्ला पैयू-९ बस्ने लाल बहादुर थापाको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. ३० को कित्ता नं. ५०९६ को क्षेत्रफल १६०.९६ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पूर्व तर्फ कि.नं. ४९७०, ४९७४ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. ३० को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

## सार्वजनिक सूचना

कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ३० बस्ने नविना सुवेदी तिवारीका नाममा रहेको पोखरा महानगरपालिका वडा नं. ३० को कित्ता नं. २१७०१ को क्षेत्रफल १७४.८५ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा उत्तर तर्फ कि.नं. ११०१०, ११००९, ११००८ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. ३० को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

# चामे-नार्पाभूमि सडकमा बेलिब्रिज निर्माण

**पोखरापत्र संवाददाता**
मनाङ, १९ साउन

मनाङको चामे गाउँपालिका-३ र ५ लाई जोड्ने गरी मर्स्याङ्दी नदीमा बेलिब्रिज निर्माण गरिएको छ।

बेलिब्रिज सञ्चालनमा आएसँगै सडक सञ्जाल नपुगेको नार्पाभूमिका बासिन्दाको आवातजावत र ढुवानीमा सहज भएको छ । चौवन्न दशमलव चार मिटर लामो र चार मिटर चौडा उक्त बेलिब्रिजको सोमबार नार्पाभूमि गाउँपालिकाका अध्यक्ष कोन्जो तेन्जिङ लामाले उद्घाटन गर्नुभयो । बेलिब्रिज निर्माणले नार्पाभूमि गाउँपालिकाको सडक पहुँच विस्तार भएको छ। सडक पहुँच विस्तारसँगै शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, व्यापार तथा सरकारी सेवा प्रवाहमा सकारात्मक प्रभाव पर्ने अध्यक्ष लामाले बताउनुभयो । पुल नार्पाभूमि गाउँपालिका र नारखोला हाइड्रो इनर्जी प्रालिको साझेदारीमा निर्माण गरिएको हो । भारवहन क्षमता ५५ टन रहेको उक्त पुल करिब छ करोडको लागतमा निर्माण भएको अध्यक्ष लामाले जानकारी दिनुभयो । हाल चामेदेखि नार्पाभूमिको सीमासम्म छ किमीसम्म सडक पुगेको छ। गाउँपालिकाको केन्द्र जोड्ने सडक निर्माण गर्न भने अझै ११ किमि बाँकी छ। अध्यक्ष लामाले भन्नुभयो, "बाँकी खण्डमा अहिले मार्ग खोल्ने काम भइरहेको छ, आगामी चैतसम्म सडक पुऱ्याउने लक्ष्य छ।" स्थानीय नार खोलामा पुल बनेपछि जिल्ला सदरमुकाम चामे र त्यस गाँउपालिकामा सडक सञ्जालमा जोडिनेछ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुशील लम्सालले बेलिब्रिज सञ्चालनमा आएपछि नार्पाभूमिलाई सडक सञ्जालसँग जोड्ने प्रक्रिया अगाडि बढेको बताउनुभयो।

## एउटै व्यक्ति भएको सूचना





कास्की जिल्ला, अन्नपूर्ण गाउँपालिका वडा नं. ०४ (साविक सल्यान गा.वि.स. वडा न.१) निवासी भारतीय भु.पु.सै.नं. 5037141, 5/1 GR का हवल्दार मान बहादुर गुरुङको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर मान बहादुर खत्री क्षेत्री जन्म मिति वि.सं. २००६।१०।१६ (सन् १९५०।०१।२९) भएको र भारतीय पेन्सन अभिलेखमा निजको नामथर मान बहादुर गुरुङ र जन्ममिति सन् १९४७।०९।२१ उल्लेख भएको तथा निजको श्रीमतीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर पार्वती क्षेत्री र जन्ममिति वि.सं. २००३।०८।१० (सन् १९४६।११।२५) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर पार्वती र जन्ममिति सन् १९५०।१०।०१ उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र फरक जन्म मिति भएका व्यक्तिहरु फरक नभई एउटै व्यक्तिहरु भएको बेहारा अनुरोध छ भनी अन्नपूर्ण गाउँपालिका ०४ नं. वडा कार्यालयको च.नं. ४१ मिति २०८३।०४।१४ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, रुपा गाउँपालिका वडा नं. ०१ निवासी भारतीय भु.पु.सै.नं. ५७४५५५४ नायक कृष्ण बहादुर रानाको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर कृष्ण बहादुर खवास, पेन्सन अभिलेखमा नामथर कृष्ण बहादुर राना भएको साथै निजको श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा पतिको नामथर कृष्ण बहादुर खवास राना उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि रुपा गाउँपालिका ०१ नं. वडा कार्यालयको च.नं. ३१ मिति २०८३।०४।०८ को सिफारिस पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, रुपा गाउँपालिका वडा नं. ०१ निवासी भारतीय भु.पु.सै.नं. ५७४५५५४ नायक - कृष्ण बहादुर रानाको श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर फुल माया खवास राना, जन्म मिति वि.सं. २०१७।०२।२० तदानुसार ई.सं. १९६०-०६-०२ भएको र पेन्सन अभिलेखमा नामथर फुल माया, जन्म मिति ई.सं. १९५६-०१-०१ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि रुपा गाउँपालिका ०१ नं. वडा कार्यालयको च.नं. २१ मिति २०८३।०४।०८ को सिफारिस पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय कास्की**

# ग्यास अभावको समस्यालाई तत्कालै सम्बोधन गर्न माग

रासस
काठमाडौं, १९ साउन

प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको आजको बैठकमा सांसदहरूले काठमाडौं उपत्यकासहित मुलुकरभर खाना पकाउने एलपी ग्यासको अभाव देखिएकाले तत्कालै समस्या समाधान गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र सो मातहतका निकायलाई आग्रह गर्नुभएको छ।

समितिको आज सिंहदरबारमा 'खाना पकाउने ग्यासको आपूर्ति व्यवस्थापन' सम्बन्धमा आयोजित छलफलमा सहभागी सांसदहरूले बजारमा ग्यासको अभाव रहेकाले तत्कालै सम्बोधन गर्नका लागि माग गर्नुभएको हो। समितिका सभापति रहवर अन्सारीले ग्यासको अभाव बारम्बार देखिएकाले घरासयी उपभोक्ता र होटल तथा औद्योगिक क्षेत्रमा प्रयोग गरिने ग्यास छुट्टाछुटै हुनुपर्ने बताउनुभयो। "करिब सात लाख सिलिण्डर ग्यास व्यापारिक तथा औद्योगिक प्रयोजनका लागि प्रयोग हुने गरेको छ", उहाँले भन्नुभयो, "सबै उपभोक्ताले प्रतिसिलिण्डर रु ९३८ सहुलियत पाउँदै आएका छन्। यो सहुलियत औद्योगिक तथा व्यापारिक प्रयोजन गर्नेका लागि पनि उपलब्ध हुँदै आइरहेको छ।

यो व्यवस्थाको अन्त्य गरी घरासयी र औद्योगिक प्रयोजनका लागि छुट्टाछुटै ग्यासको व्यवस्था गर्न जरुरी छ।" सभापति अन्सारीले हरेक ग्यास सिलिण्डरको आवश्यकता निर्धारण (म्यापिङ) गरेर वैज्ञानिक ढङ्गले तथ्याङ्क/विवरण राख्नुपर्ने बताउनुभयो। सांसद बुद्धिप्रसाद पन्तले सर्वसाधारण जनतालाई समयमै ग्यास उपलब्ध गराउन नेतृत्वले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारीले ग्यास आपूर्तिमा मन्त्रालयले सहजीकरण गर्दै आइरहेको बताउनुभयो। मन्त्रालयका सचिव नारायणप्रसाद शर्मा दुवाडीले अहिले मासिक ५० हजार मेट्रिकटन ग्यास भित्रिएको जनाउँदै बजारमा देखिएको ग्यास अभावको समस्या केही दिनभित्रै अन्त्य हुने दाबी गर्नुभयो।

"भारतबाट मासिक ५० हजार मेट्रिकटनभन्दा बढी ग्यास आयात भइरहेको छ", उहाँले भन्नुभयो, "अहिले यहाँ वितरण प्रणालीमा केही समस्या देखिएको हो। त्यो समस्या पनि केही दिनभित्रै समाधान गर्ने गरी प्रयास भइरहेको छ।" उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार आव २०८२/८३ मा ५२ करोड पाँच लाख २५ हजार १९२ किलो एलपी ग्यास आयात भएको थियो। आव २०८१/८२ मा ५५ करोड ४६ लाख १२ हजार ६९८ किलो आव २०८३/८४ को साउन १ गतेदेखि १७ गतेसम्म एक हजार ६५८ बुलेट ग्यास भित्रिएको जनाएको छ। नेपाल आयल निगम लिमिटेडका निमित्त प्रबन्ध निर्देशक दिपक बरालले विगतमा मासिक सरदरमा ४७ हजार मेट्रिकटन ग्यासले माग थेग्ने जनाउँदै अहिले मासिक सरदरमा ५० हजार मेट्रिकटनभन्दा बढी आयात गरेर आपूर्तिलाई सहज बनाउने प्रयास गरिएको बताउनुभयो।

"ग्यास अभावको समस्यालाई समाधान गर्नका लागि अधिकत्तम प्रयास गरिरहेका छौं", उहाँले भन्नुभयो।
नेपाल एलपी ग्यास उद्योग सङ्घका अध्यक्ष दिवानबहादुर चन्दले आधा सिलिण्डर बजारमा पठाउँदा लागत खर्च बढ्ने र छिटो सकिने भएकाले पनि १४ दशमलव दुई किलोका सिलिण्डर बजारमा पठाउनु उपयुक्त हुने बताउनुभयो। नेपाल एलपी ग्यास उद्योग सङ्घका पूर्वअध्यक्ष गोकुल भण्डारीले सरकारले ग्यास सिलिण्डरमा म्यापिङ प्रणाली लागू गरेर व्यवस्थित गर्न जरुरी रहेको बताउनुभयो।

# एरिका र दीपेन्द्र 'हाम्रो खेलकुद' वर्ष खेलाडी

पोखरापत्र संवाददाता
पोखरा, १९ साउन

राष्ट्रिय क्रिकेट टोलीका खेलाडी दीपेन्द्रसिंह ऐरी र करातेकी एरिका गुरुङ वर्षका उत्कृष्ट खेलाडी घोषित भएका छन्। हाम्रो खेलकुद डटकमको ११औं वार्षिकोत्सवका अवसरमा मंगलबार एरिका महिला र दीपेन्द्र पुरुषतर्फ वर्ष खेलाडी घोषित भएका हुन्। दीपेन्द्रका तर्फबाट राष्ट्रिय महिला क्रिकेट टोलीकी कप्तान इन्दु वर्माले अवार्ड ग्रहण गरेकी थिइन्।


## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ३० निवासी भारतीय भु.पु.सै.नं. JC 629497 H का सुवेदार टंकु बम मल्लको श्रीमती चित्र कुमारी मल्लको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर चित्र कुमारी मल्ल, जन्म मिति वि.सं. २०२४।०९।०१ तदानुसार ई.सं. १९६७-१२-१६ भएको र पेन्सन अभिलेखमा नामथर चित्र कुमारी, जन्म मिति ई.सं. १९६७-१२-१५ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका ३० नं. वडा कार्यालयको च.नं.५६६९ मिति २०८३।०३।२२ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. ३ निवासी भारतीय भु.पू. सैनिक नं JC १८०९१६ P/SM का तेज बहादुर खत्रीको श्रीमतीको नेपाली नागरिकताको प्रमाणपत्र नं. २११४९-२६९५ मा नाम थर प्रेमा देवी खत्री भन्ने प्रेम कुमारी र जन्म मिति वि.सं. २०१७/०३/०५ भएको र निजको पतिको पेन्सन अभिलेखमा श्रीमतीको नाम थर प्रेम कुमारी र जन्म मिति ई.सं. १९६१/०१/०३ भै फरक परेता पनि उल्लेखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै भएको भनी बागलुङ नगरपालिका, ३ नं. वडा कार्यालय, बागलुङको च.नं. ५२, मिति २०८३/०४/११ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ।

**प्रमुख जिल्ला अधिकारी**

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा गण्डकी प्रदेश बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं. ७ साविक रेश गा.वि.स. वडा नं. ३ निवासी भारतीय सैनिक नं. JC ६१२७९१ M सुब्दार हनेरी लेफटिनेट १/४ GR का चोक बहादुर थापा सेना मेडलको श्रीमती नेपाली नागरिकताको प्रमाणपत्र नं. ८२८९-८२२ की नन्दी थापाको नेपाली नागरिकतामा जन्म मिति वि.सं. २०२२/१०/०५ (ई.सं. १९६६/०१/१८) भएको र निजको पतिको भारतिय पेन्सन कागजपत्रमा श्रीमतीको जन्म मिति वि.सं. २०२६/१०/२० (ई.सं. १९७०/०२/०२) भै फरक परेता पनि उल्लेखित दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै भएको भनी काठेखोला गाउँपालिका, ७ नं. वडा कार्यालय, रेश, बागलुङको च.नं. ८०, मिति २०८३/०४/१८ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ।

**प्रमुख जिल्ला अधिकारी**

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा गण्डकी प्रदेश बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं. ७ साविक रेश गा.वि.स. वडा नं. ३ निवासी भारतीय सैनिक नं. ५०४५५३५ P HAV जीवन थापाको श्रीमती लाली थापाको नेपाली नागरिकताको प्रमाणपत्र नं. २९६१ जारी मिति २०५४/०८/१८ मा जन्म मिति वि.सं. २०३५/०७/०८ (ई.सं. १९७८/१०/२५) भएको र निजको पतिको भारतिय पेन्सन रेकर्डमा निजको जन्म मिति ई.सं. १९७८/०७/०१ भै फरक परेता पनि उल्लेखित दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै भएको भनी काठेखोला गाउँपालिका, ७ नं. वडा कार्यालय, रेश, बागलुङको च.नं. ०००४७, मिति २०८३/०४/११ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ।

**प्रमुख जिल्ला अधिकारी**

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
लमजुङ

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयका सम्बन्धमा लमजुङ जिल्ला मर्स्याङ्दी गाउँपालिका वडा नं.०३ निवासी भारतीय भू.पू.सैनिक नं.५३३४९९९ ३/४ जि.आर.का राईफल मेन सिंग बहादुर गुरुङको एकमात्र श्रीमतीले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं.४७०५/लमजुङ) मा नामथर मिश्री माया तमाङ गुरुङ र जन्ममिति १९९८।०५।०५ उल्लेख भएको र श्रीमानको पेन्सन अभिलेखमा निजको नामथर मिश्री मात्र र जन्ममिति २००१/०९/१७ उल्लेख भई नामथर र जन्ममिति फरक परेतापनि उल्लेखित दुवै नामथर र जन्ममिति गरेका व्यक्ति फरक फरक नभई एकै भएको व्यहोरा मर्स्याङ्दी गाउँपालिका, ०३ नं. वडा कार्यालयको च.नं.४१, मिति २०८३/०४/०७ को सिफारिस बमोजिम सोही व्यहोरा निजको भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ अनुरोध छ।

**प्रमुख जिल्ला अधिकारी**

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा गण्डकी प्रदेश बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. १० साविक भकुण्डे गा.वि.स. वडा नं. २ निवासी भारतीय भु.पू. सैनिक नं. ५०४३५०३ N HAV लाल बहादुर थापाको श्रीमती मन वुजा थापाको नेपाली नागरिकताको प्रमाणपत्रमा भएको नाम थर, जन्ममिति र श्रीमानको भारतीय पेन्सन अभिलेखमा भएको नामथर, जन्ममिति तपशिल बमोजिमको फरक भएता पनि व्यक्ति फरक नभई एउटै भएको भनी बागलुङ नगरपालिका, १० नं. वडा कार्यालय, भकुण्डे, बागलुङको च.नं. ३३, मिति २०८३/०४/०५ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ।

| क्र.सं. | नेपाली नागरकितामा भएको नाम थर | भारतीय पेन्सन अभिलेखमा भएको नाम थर |
|---|---|---|
| १ | नामथर: मनवुजा वि.क. (MANBUJA B.K.) जन्म मिति: २०२२/०७/३० (15th November, 1965) | नामथर: मन वुजा थापा (MANBUJA THAPA) जन्म मिति: २०२३/१०/२५ (7th February, 1967) |

**प्रमुख जिल्ला अधिकारी**

## भाखा नाघेको ऋण चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मितिः २०८३/०४/२० पोखरापत्र राष्ट्रिय दैनिक

यस संस्थाको ऋण नीति बमोजिम तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले उपयोग गरेको ऋण संस्थासँग ऋण लिने बेलामा गरेको लिखित सम्झौता भंग गरी संस्थालाई बुझाउनु पर्ने साँवा, व्याज तथा हर्जना रकम तिर्न बुझाउन नआई आलटाल गरेको र तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक रुपमा तारताकेता गर्दा समेत वेवास्ता गरी अटेर गर्नु भएकोले गण्डकी प्रदेश सहकारी नियमावली २०७६ को नियम २३ (क) बमोजिम यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ। अतः यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र संस्थामा सम्पर्क गरी संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण सावाँ, ब्याज तथा हर्जना रकम तिर्न बुझाउनहुन सूचित गरिन्छ। अन्यथा गण्डकी प्रदेश सहकारी नियमावली २०७६ को दफा २३ (ख) बमोजिम ऋण सुरक्षणका लागि संस्थाको नाममा लेखिदिएको अचल सम्पत्ति लिलाम बिक्री गरी सम्पूर्ण लिनु पर्ने साँवा, व्याज, हर्जना र अन्य लाग्ने शुल्कहरु समेत अशुल उपर गरिने व्यहोरा अवगत गराइन्छ।

**तपशील**

| क्र.स. | ऋणीको नाम थर | धनजमानीको नाम थर |
|---|---|---|
| १. | नाम : तारादेवी आचार्य<br>पति : श्रीधर आचार्य<br>बाजे/ससुरा : गुण राज आचार्य<br>स्थायी ठेगाना : पोखरा म.न.पा.२९, कास्की<br>ना.प्र.नं.४६-०२-७५-०१८५०, कास्की<br>जारि मिति : २०७५/०७/३० | नाम : श्रीधर आचार्य<br>बाबु : गुण राज आचार्य<br>बाजे : चन्द्रकान्त आचार्य<br>स्थायी ठेगाना : पोखरा म.न.पा -३३, कास्की<br>ना.प्र.नं. :४६-०२-७५-०१८५१, कास्की<br>जारि मिति : २०७५/०७/३० |

**हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा ३०, खुदी ढुंगेपाटन, कास्की
फोन नं. ०६१-५०४०४९, ५०४०६१

## धितोमा रहेको जग्गा लिलाम बिक्री गर्ने सम्बन्धी ३५ दिने सार्वजनीक सूचना

प्रकाशित मितिः २०८३/०४/२० पोखरापत्र राष्ट्रिय दैनिक

धनी कास्की जिल्ला पोखरा म.न.पा. नं. ३०, खुदी ढुंगेपाटन स्थित हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि.बाट तपशिलका ऋणीले लिएको कर्जा रकमको साँवा, सो को ब्याज र हर्जना समेत नतिरी संस्थाले पटक पटक ऋण तिर्न मौखिक तथा लिखित जानकारी/अनुरोध गर्दा समेत तिर्नुपर्ने रकम नतिरेकाले निज ऋणीको नाममा मिति २०८१/०३/१० को समाधान राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५ दिने सूचना प्रकाशन गरिएको। सो गर्दा समेत कर्जा नतिरी बेवास्ता आलटाल गरेकोले निज ऋणीले कर्जा लिदाँका बखत यस संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपशिल बमोजिमको धितोको जग्गा लिलाम बिक्री गरी लेना रकम असुल उपर गरिने भएकोले गण्डकी प्रदेश सहकारी ऐन २०७५ को दफा ६५(१) तथा ऐन को नियमावली २०७६ को नियम २३ च एवम् संस्थाको ऋण असुली नीति २०८० बमोजिम लिलाम बढाबढका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशील**

| क्र.स. | ऋणीको नाम थर | धनजमानीको नाम थर |
|---|---|---|
| १. | **नाम : नारायण आचार्य**<br>बाबु : कमलमोहन आचार्य<br>बाजे : कपिलमणी आचार्य<br>स्थायी ठेगाना :लेखनाथ न.पा.-०८, कास्की<br>ना.प्र.नं. १४९२९२, कास्की<br>जारि मिति :२०६१/०४/२४ | **नाम : प्रमिला त्रिपाठी आचार्य**<br>पति : नारायण आचार्य<br>बाजे/ससुरा : कमलमोहन आचार्य<br>स्थायी ठेगाना : पोखरा म.न.पा. - ३०, कास्की<br>ना.प्र.नं. : ४६१००२/४८८०, कास्की<br>जारि मिति : २०६७/०५/३० |
| **धितोको विवरण** : शिशुवा गा.वि.स. वडा नं ०८ कित्ता नं. ५७८५ क्षेत्रफल १-०-०-० जग्गा र सो मा बनेको लिगलगापात समेत । | | |

**सर्तहरु :**

१. लिलाम बिक्री यो सूचना प्रकाशित मितिले ३६औं दिनमा र सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट यस हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय पोखरा ३०, खुदी ढुंगेपाटनमा बिहान ११ : ०० बजेदेखि २ : ०० बजेसम्म लिलाम बोलकबोल गर्न सकिने छ।
२. लिलाम बढाबढको बोलकबोल गरेको अंकको १० प्रतिशत रकम धरौटी स्वरुप तत्कालै दाखिला गर्नुपर्ने छ। बाँकी रकम लिलाम भएको मितिले १५ दिनभित्र दाखिला गर्नुपर्ने छ। १५ दिनभित्र बाँकी रकम दाखिल नगरेमा लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुन लिलाम बढाबढको सूचना प्रकाशित गरिनेछ। धितोमा रहेको जग्गा नामसारी गरी लिदाँ लाग्ने सम्पूर्ण रजिस्ट्रेशन र लाभकर लिलाम सकार गर्नेले भुक्तानी गर्नुपर्ने छ।
३. शर्त सहितको लिलाम बढाबढ मान्य हुनेछैन।
४. लिलाम बढाबढ हुँदा सबैभन्दा बढी रकम बोलकबोल गर्नेलाई सकार गराईनेछ तर लिलाम स्विकार गर्ने नगर्ने अधिकार संस्थामा निहित रहने छ।
५. यस सम्बन्धमा थप बुझ्नुपर्ने भए हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय पोखरा ३०, खुदी ढुंगेपाटनमा सम्पर्क राख्नुहोला।

**हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा ३०, खुदी ढुंगेपाटन, कास्की
फोन नं. ०६१-५०४०४९, ५०४०६१